**चन्दननाथ नगरपालिकाको कार्यालय**
**कर्णाली प्रदेश, नेपाल**
**स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम कार्यान्वयन योजना**
**समय अवधि : २०७५ माघ देखि २०७६ भाद्र**

**क्रियाकलापहरु**

| **क्रियाकलाप १** | ▪ **स्वास्थ्य व्यवस्थापन समिति र स्वास्थ्य कर्मचारीहरूको नियमित बैठक बसी तथ्याङ्क विश्लेषण गर्ने ।** |
|---|---|
| वर्तमान अवस्था तथा परिचय | - नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा मासिक बैठक बस्ने र बैठकमा प्रतिवेदन संकलन गरी त्यसको विश्लेषण गर्ने नगरेको । संकलित प्रतिवेदन विश्लेषण नगरी नगरपालिकाको स्वास्थ्य शाखामा पठाउने गरेको ।<br>- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको बैठक बस्ने गरेको ।<br>- तथ्याङ्कमा आधारित भई कार्यक्रमहरू तय गर्ने परिपाटी नभएको । |
| लक्षित समूह | - स्वास्थ्य संस्थाका कर्मचारीहरू र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरू |
| उद्देश्य | - नियमित तथा मासिक बैठक बसी स्वास्थ्य अवस्था सुधार गर्न प्रमाणमा आधारित योजनाको तयारी र सोही अनुसार कार्यान्वयन गर्ने परिपाटीको विकास गर्ने ।<br>- हरेक बैठकमा सामाजिक व्यवहार परिवर्तनका विषयमा छलफल तथा पुनरावलोकन गर्ने परिपाटी बसाल्ने । |
| समय अवधि | - २०७५ पौष देखि निरन्तर |
| मुख्य जिम्मेवारी | - स्वास्थ्य संस्था प्रमुखहरू |
| स्थान | - नगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरू |
| आवश्यक बजेट | |
| कार्यक्रम कार्यान्वयन प्रक्रिया | - स्वास्थ्य संस्थाका कर्मचारीहरू र स्वास्थ्य व्यवस्थापन समितिको प्रत्येक महिना नियमित तथा अलग बैठक बस्न नगरपालिका स्वास्थ्य शाखाबाट पहल गर्ने ।<br>- बैठकमा स्वास्थ्य संयोजक र नगरपालिकाका अन्य पदाधिकारीहरूलाई एजेण्डा सहित आमन्त्रित गर्ने ।<br>- प्रगति समीक्षामा प्रत्येक महिनाको तथ्याङ्कमा आधारित भई छलफल गर्ने र कम वा बढी किन भएको कारणहरू पत्ता लगाउने ।<br>- कारणमा आधारित भई कार्ययोजना बनाउने र कार्यान्वयनका लागि आवश्यक बजेट तथा मानव श्रोत परिचालन गर्ने ।<br>- नियमित बैठकमा अघिल्लो महिनामा बसेको बैठकले गरेका निर्णयहरूको समीक्षा गर्ने र कार्यान्वयन हुन नसक्नाका कारणहरू पत्ता लगाउने । |
| अपेक्षित उपलब्धि | - स्वास्थ्य संस्थाहरूमा कर्मचारी र व्यवस्थापन समितिको नियमित बैठक बसी स्वास्थ्यको सबै सूचकहरूको बारेमा विश्लेषण गरी सोही अनुसार कार्ययोजना बनाई कार्यान्वयन गर्ने |

| | |
|---|---|
| | परिपाटीको विकास भएको हुनेछ । <br>- संस्थागत सुत्केरी बढाउने सम्बन्धमा गर्नुपर्ने आवश्यक र सहीपरामर्श दिनकालागि पूर्व-तयारी गरेका हुनेछन् । |
| **क्रियाकलाप २** | **गर्भवती महिलाहरूको तथ्याङ्क संकलन गरी अद्यावधिक गर्ने** |
| वर्तमान अवस्था | महिला स्वास्थ्य स्वयंसेविकाहरूले गर्भवती महिलाहरूको विवरण आफ्ना रजिष्टरमा राख्ने गरेको तर त्यसलाई स्वास्थ्य संस्थामा अद्यावधिक गर्ने चलन नभएको । |
| उद्देश्य | नगरपालिका भित्रका गर्भवती महिलाहरूको यथार्थ विवरण अद्यावधिक गरी विभिन्न माध्यमहरूबाट गर्भावस्थामा गर्नुपर्ने तयारी र सेवा सुविधाको बारेमा जानकारी गराउने । |
| लक्षित समूह | गर्भवती महिलाहरू |
| समय अवधि | २०७५ फागुन मसान्तसम्म |
| मुख्य जिम्मेवारी | स्वास्थ्य संयोजक, स्वास्थ्य संस्था प्रमुखहरू |
| स्थान | चन्दननाथ नगरपालिकाको १ देखि १० सम्मका वडाहरू |
| आवश्यक बजेट | |
| कार्यक्रम कार्यान्वयन प्रक्रिया | - नगरपालिका स्वास्थ्य शाखाद्वारा तथ्याङ्क संकलन फारम तयार गरी स्वास्थ्य संस्था प्रमुखहरूलाई उपलब्ध गराउने र स्वास्थ्य संस्था प्रमुखहरूले उपलब्ध फरमेटको उद्देश्य र आवश्यक सूचनाको बारेमा स्वास्थ्य संस्थाका कर्मचारीहरूको नियमित बैठकमा छलफल गरी अन्य कर्मचारीहरू र महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई उपलब्ध गराई तथ्याङ्क संकलन गर्न लगाउने । <br>- तथ्याङ्क संकलन कार्य सकिएपछि वडा अनुसार गर्भवती महिलाको संख्या सुनिश्चित गर्ने । <br>- संकलित तथ्याङ्कहरूको बारेमा स्वास्थ्य संस्था व्यवस्थापन समितिको बैठकमा छलफल तथा जानकारी गराउने । <br>- स्वास्थ्य शाखाले नियमित तथ्याङ्क अद्यावधिक गर्नकालागि निरन्तर तथा आवश्यक पहल गर्ने । |
| अपेक्षित उपलब्धि | - नगरपालिकामा निरन्तररूपमा गर्भवती महिलाहरूको तथ्याङ्क अद्यावधिक भई गर्भजाँच र संस्थागत सुत्केरी सम्बन्धी विभिन्न श्रोतहरूबाट नियमित सूचना प्रवाह गर्ने प्रविधि वा प्रणालीको विकास भएको हुनेछ । |
| **क्रियाकलाप ३** | **गर्भवती महिलाहरूलाई निमन्त्रणा कार्ड पठाउने** |
| वर्तमान अवस्था तथा परिचय | - आमा समूहको नियमित बैठकमा छलफल गरेर महिला स्वास्थ्य स्वयंसेविकाद्वारा नयाँ गर्भवती महिलाहरूको पहिचान गरिन्छ । <br>- नयाँ गर्भवती महिलाहरूको पहिचान पश्चात महिला स्वास्थ्य स्वयंसेविकाद्वारा गर्भवती महिलालाई गर्भजाँचको लागि स्वास्थ्य संस्थामा जान जानकारी गराइन्छ । <br>- महिला स्वास्थ्य स्वयंसेविकाबाहेक अन्य तरिकाले गर्भवती महिलाहरूलाई स्वास्थ्य संस्थामा आउन उत्प्रेरित गराउने खालका तरिकाहरू अवलम्बन गरिएको छैन । |

| | |
|---|---|
| लक्षित समूह | - गर्भवती महिलाहरू |
| उद्देश्य | - नगरपालिका भित्रका हरेक गर्भवती महिलाहरूले निमन्त्रणा कार्ड प्राप्त भई स्वास्थ्य संस्थामा गर्भजाँच तथा स्वास्थ्य संस्थामा सुत्केरी गराउन उत्प्रेरित गरिएको हुनेछ ।<br>- स्वास्थ्य संस्थाबाट उपलब्ध सेवा सुविधा बारेमा जानकारी भएको हुनेछ । स्वास्थ्य संस्थामा सुत्केरी गराउदा आमा तथा बच्चाको स्वास्थ्यमा हुने फाइदा बारेमा प्रष्ट पारिएको हुनेछ |
| समय अवधि | - २०७५ चैत्र देखि निरन्तर कार्यान्वयनमा |
| मुख्य जिम्मेवारी | - नगरपालिका, स्वास्थ्य संयोजक र उप-संयोजक |
| स्थान | - नगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरू मार्फत सबै गर्भवती महिलाहरूलाई उपलब्ध गराउने । |
| आवश्यक बजेट | |
| कार्यक्रम कार्यान्वयन प्रक्रिया | - स्वास्थ्य संस्थाका प्रमुखहरू, स्वास्थ्य संयोजक र उप-संयोजक लगायत नगरपालिका भित्र स्वास्थ्य संस्थामा काम गर्ने कर्मचारीहरूसँग संयुक्त बैठक बसी निमन्त्रणा कार्डको आवश्यकता, प्रक्रिया र कार्डमा राख्न सकिने सूचना वा सन्देशबारे छलफल गर्ने<br>- संयुत्त बैठकबाट आएका कुरालाई समुदायमा गर्भवतीहरूसँग छलफल गरी निमन्त्रणा कार्डको आवधारणा, कार्डमा राखिने सन्देश, चित्र वा फोटो आदि सहितको खाका तयार गर्ने ।<br>- डिजाइनका लागि दक्षता प्राप्त व्यक्ति वा संस्थासँग परामर्श र कामकालागि सम्झौता गर्ने<br>- डिजाइन गरिएको कार्ड स्वास्थ्य संस्थाहरूको नियमित बैठकमा प्रस्तुत गरी सुझाव लिने र लक्षित समूहबीच फिल्ड टेष्ट गर्ने<br>- फिल्ड टेष्टबाट प्राप्त पृष्ठपोषणको आधारमा परिमार्जन गरीकार्डलाई अन्तिम रूप दिने ।<br>- स्वास्थ्य शाखाले आवश्यक निर्णय गरि छपाईको प्रक्रिया अगाडि बढाउन प्रमूख प्रसाशकिय अधिकृत समक्ष लैजाने । |
| अपेक्षित उपलब्धि | - प्रत्येक गर्भवती महिलाहरूले निमन्त्रणा कार्डको माध्यमबाट संस्थागत सुत्केरीका फाइदाहरूबारे जानकारी पाउनेछन् ।<br>- निमन्त्रणा कार्ड वितरणको समयमा महिला स्वास्थ्य स्वयंसेविका तथा अन्य स्वास्थ्य कर्मचारीहरूबाट गर्भवती र उनको परिवारलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउँदा पाइने सेवा सुविधा, स्वास्थ्य सेवा सम्बन्धी गलत धारणा र आमा तथा बच्चाको स्वास्थ्यमा हुने फाइदाबारे प्रष्ट पारिएको हुनेछ । |
| **क्रियाकलाप ४** | **गर्भवती महिला समूह गठन गरी संस्थागत सुत्केरीको महत्व र फाइदाहरूबारे कक्षा सञ्चालन** |
| वर्तमान अवस्था तथा परिचय | - गर्भवती महिलाहरूको मात्रै अलग समूह गठन गर्ने प्रावधान नरहेको ।<br>- स्वस्थ आमा समूहको बैठकमा नजिकका गर्भवती महिलाहरूकोमात्र सहभागिता हुने गरेको । |
| लक्षित समूह | - गर्भवती महिलाहरू |
| उद्देश्य | - स्वास्थ्य संस्थाबाट उपलब्ध सेवा सुविधा बारेमा नगरपालिकाको ७, ८ र ९ का अति दुर्गम र विपन्न समुदाय भएका बस्तीहरूमा गर्भवती महिलाहरूको समूहलाई जानकारी भएको |

| | |
|---|---|
| | हुनेछ ।<br>- स्वास्थ्य सेवासम्बन्धी गलत धारणा र आमा तथा बच्चाको स्वास्थ्यमा हुने फाइदा बारेमा प्रष्ट भएको हुनेछ । |
| समय अवधि | - २०७५ चैत्र १५ सम्म |
| मुख्य जिम्मेवारी | - स्वास्थ्य संस्थाका प्रमुख, अन्य कर्मचारीहरू र महिला स्वास्थ्य स्वयंसेविकाहरू |
| स्थान | - नगरपालिकाको ७, ८ र ९ का अति दुर्गम र विपन्न समुदाय भएका बस्तीहरू |
| आवश्यक बजेट | |
| कार्यक्रम कार्यान्वयन प्रक्रिया | - हाल स्वास्थ्य संस्थासँग रहेको‘जीवन-सुरक्षा फ्लीप चार्ट’मा उल्लेखित गर्भवती अवस्थामा ध्यानदिनुपर्ने कुराहरू र संस्थागत सुत्केरीका फाइदा र महत्वको बारेमा लिखित सन्देश समीक्षा गरी प्रयोग गर्नका लागि उपयुक्त भए नभएको यकिन गर्ने।<br>- सोही अनुसार सामग्री परिमार्जन गरी पुन:प्रयोग गर्ने वा नयाँ तयारी गर्ने सम्बन्धमा निर्णय गर्ने र त्यसअनुसार सामग्रीको व्यवस्था गर्ने ।<br>- सबै गर्भवती महिलाहरूलाई उपयुक्त हुने समय र स्थान सहमति गर्ने<br>- मनोरञ्जनको सही तरिका अपनाई सोही अनुसार सन्देशमा छलफल गर्ने । |
| अपेक्षित उपलब्धि | - स्वास्थ्य कर्मचारीहरूबाट गर्भवती र उनको परिवारलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउँदा पाइने सेवा सुविधा, स्वास्थ्य सेवासम्बन्धी गलत धारणा र आमा तथा बच्चाको स्वाथ्यमा हुने फाइदा बारेमा प्रष्ट भएका हुनेछ । |